# स्थानीय राजपत्र

सुन्दरबजार नगरपालिकाद्वारा प्रकाशित

खण्ड १) लमजुङ, चैत १४ गते, २०७४ साल (अतिरिक्ताङ्क ६

## भाग २

## सुन्दरबजार नगरपालिकाको
## ज्येष्ठ नागरिक परिचय – पत्र वितरण निर्देशिका २०७४

### १. परिचय :

ज्येष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान, सीप क्षमता र अनुभवको सदुपयोग गरी निजहरुप्रति श्रद्धा,आदार तथा सद्भाव अभिवृद्धि गर्न साथै राज्यद्वारा तोकिएको सेवा एवं सुविधाको उचित व्यवस्थापन गरी नेपालको संविधानको अनुसूची-८ को क्र.स.१६ बमोजिमको कार्य गर्न ज्येष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका २०७४, जारी गरिएको छ ।

## २. परिचय-पत्र वितरणका आधार :

नेपालको संविधानको धारा ४१ मा उल्लेख भएबमोजिम ज्येष्ठ नागरिकको हक, ज्येष्ठ नागरिक सम्वन्धी नियमावली २०६५ को नियम १५ अनुसार ज्येष्ठ नागरिकलाई परिचयपत्र दिने ब्यबस्था लगायत ज्येष्ठ नागरिक परिचय-पत्र वितरणका आधार हुनेछन् ।

## ३. उद्देश्य

क) ज्येष्ठ नागरिकहरुको पहिचान गर्ने र स्थानिय तहदेखि नै ज्येष्ठ नागरिकको लगत राख्ने ।

ख) नेपालको संविधान अनुसार प्रदत्त ज्येष्ठ नागरिकको हक अधिकार सुनिश्चित गर्न र ज्येष्ठ नागरिकको वर्गीकरण अनुसार सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मीक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने ।

ग) प्रचलित ऐन, नियमअनुसार ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा, न्याय, अधिकार र समानता, प्रदान गरी निजहरुमा रहेको ज्ञान, सिप क्षमता र अनुभवको सदुपयोग गरी विकास प्रक्रियामा सहभागी गराउने ।

## ४. लक्षित वर्ग :

ज्येष्ठ नागरिक सम्वन्धी ऐन,२०६३ ले परिभाषित गरे अनुसारका साठी वर्ष उमेर पुरा गरेका सबै नेपाली नागरिकहरु ।

## ५. ज्येष्ठ नागरिकको वर्गिकरण :

ज्येष्ठ नागरिक सम्वन्धी नियमावली २०६५ को नियम १४ को उपनियम (१) बमोजिम ज्येष्ठ नागरिकहरुको वर्गीकरण देहायबमोजिम गरिएको छ :

(क) सत्तरी बर्ष उमेर पूरा नगरेको ज्येष्ठ नागरिक,
(ख) सत्तरी बर्ष उमेर पूरा गरेको बरिष्ठ ज्येष्ठ नागरिक,
(ग) असाय ज्येष्ठ नागरिक,
(घ) अशक्त ज्येष्ठ नागरिक,

## ६) परिचय-पत्र वितरण मापदण्ड :

ज्येष्ठ नागरिक सम्वन्धी नियमावली २०६५ को नियम १५ बमोजिम साठी बर्ष उमेर पुगेका नेपाली नागरिकलाइ मात्र ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्न सकिने छ ।

## ७) ज्येष्ठ नागरिक परिचय-पत्रको ढाचाँ :

ज्येष्ठ नागरिक सम्वन्धी नियमावली २०६५ को अनुसूची ३ बमोजिमको ढाचाँलाई नै आधारमानी ज्येष्ठ नागरिक परिचय -पत्रको ढाचाँ यस निर्देशिकाको अनुसूची १ बमोजिमको हुनेछ ।ज्येष्ठ नागरिक परिचय-पत्रको आकार (size) नेपाली नागरिकताको प्रमाण-पत्रको आकार बराबरको हुनेछ ।

### ८) परिचय-पत्र वितरण प्रक्रिया :

(क) ज्येष्ठ नागरिक परिचय-पत्र प्राप्त गर्न साठी बर्ष उमेर पुगेको ज्येष्ठ नागरिक स्वयम् वा निजको संरक्षकले संम्बन्धित स्थानीय तहका प्रमुख समक्ष निवेदन दिनुपर्नेछ ।

(ख) निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि र दुई प्रति अटो साइजको फोटो संलग्न हुनुपर्नेछ। यस प्रायोजनका लागि नागरिकताको प्रमाण-पत्रलाई आधार मानिने छ।

ग) ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्ने अधिकारी स्थानीय तहको कार्यकारी प्रमुख वा निजले तोकेको पदाधिकारी हुनेछ।

घ) परिचय-पत्र प्राप्त ज्येष्ठ नागरिकहरुको लगत तोकिए बमोजिमको सफ्टवेयरमा कम्प्युटराइज गरी को कार्यालयमा राखि वार्षिक रुपमा प्रदेश र सघंको सम्बन्धित मन्त्रालयमा जानकारी गराउनु पर्नेछ।

ङ) ज्येष्ठ नागरिक परिचय-पत्रको प्रतिलिपि लिन सम्वन्धित प्रहरी कार्यालयको सिफारिस वा वडाको सिफारिस सहित सम्वन्धित स्थानीय तहमा निवेदन पेश गर्नुपर्ने छ।

## ९) विविध :

क) ज्येष्ठ नागरिक परिचय-पत्र वितरणका लागि सम्वन्धित स्थानीय तहले आफ्नो कार्यविधी आफैं निर्धारण गर्नेछ।

ख) ज्येष्ठ नागरिक परिचय-पत्र सम्वन्धमा माथी उल्लिखित व्यबस्थाबाहेक प्रचलित कानूनको अधिनमा रहि कार्यकारी प्रमुखले निर्णय गरे बमोजिम हुनेछ।

अनुसूची १

ज्येष्ठ नागरिक परिचय-पत्रको ढाचाँ

ज्येष्ठ नागरिक परिचय-पत्र

प.प.न

फोटो

नाम थर :...........................................................................

ना.प्र नं :..............................................................................

ठेगाना जिल्ला .......................गा.पा/न.पा................................

वडा नं ...................................टोल/गाउँ..............................

उमेर.............................................लिङ्गः...........................

उपलब्ध छुट तथा सुविधाहरु......................................................

पति/पत्नीको नाम :.............................................................

हेरचाह केन्द्रमा बसेको भए सोको विवरण.....................................

संरक्षकको नाम, थर, सम्पर्क ठेगाना, मोवाइल नं :..........................

समुह र रोग भए रोगको नाम र सेवन गरिएको औषधिको नाम .........

प्रमाणीत गर्ने अधिकृतकोः-

दस्तखत :

नाम थर :

पद :

कार्यालय :

***प्रमाणीकरण मिति : २०७४/१२/१४ गते***

**आज्ञाले,**

**प्रेम राज गिरी**

**प्रमुख प्रशासकीय अधिकृत**



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-**

**गो.हु.द.नं. १६।२०६२।६३**